# आर्थिक बर्ष २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम र बजेट

हरिनगर गाँउपालिका

सुनसरी, प्रदेश नं. १ नेपाल

२०७८।३।१०

१. पृष्ठभुमि :

सुनसरी जिल्लाको दक्षिण पश्चिम भागमा अवस्थित यस भेगकै पुरानो ऐतिहासिक तथा व्यापारिक केन्द्रका रुपमा रहेको हरिनगर गाउँपालिकाको ऐतिहासिक आठौ गाउँसभा बैठकमा आ.व. २०७८/०८९ को बार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुतिकरण समारोहमा उपस्थित गाउँसभाका अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यु, प्रमुख प्रशासकिय अधिकृत ज्यु लगायत सबै गाउँसभा सदस्यज्यूहरुमा हरिनगर गाउँपालिका र स्वयं आफ्नो तर्फबाट यहांहरु सबैलाई हार्दिक स्वागत गर्दै न्यानो अभिवादन व्यक्त गर्दछु ।

हरिनगर गाउँपालिकाको यस गरिमामय गाउँसभा बैठकमा यहाँहरु माझ बोल्दै गर्दा नेपाल राष्ट्र निर्माण, राष्ट्रिय स्वाधिनता, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, संघियता, समावेशी राज्य व्यवस्थाको प्राप्ति र त्यसैको जगमा समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प सहित भएका बलिदानीपूर्ण आन्दोलनहरुमा प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात बीर शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु ।

कोरोना भाइरसको दोश्रो लहर नयाँ भेरियन्टको संकमणले विश्वनै आकान्त भइरहेको र नेपालमा समेत यस भाइरसको संकमण फैलिदै गई हाल सम्म संकमितको संख्या ६२१०५६ नाघि सकेको र ८७२६ जना को मृत्यु भइसकेको छ । भाइरसको संक्रमणको कारण नेपाल लगायत संसारभर मृत्यु भएका व्यक्तिहरुको आत्माको चिर शान्तिको कामना गर्दै संकमितहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । सामाजिक दुरी कायम राख्दै हरेक गतिविधि संचालन गर्नु पर्ने बाध्यताका कारण स्थानीय तहहरुले विगत देखि अभ्यास गर्दै आइरहेको जनसहभागितामुलक योजना तर्जूमा प्रकृया समेत प्रभावित भएको पृष्ठभुमिमा यो गाउँसभा बैठक संचालन हुन गइरहेको छ । यस परिस्थितिजन्य बाध्यताका सम्बन्धमा हामि सबै अवगत नै छौं भन्ने मैले विश्वास लिएको छु ।

नेपालको संविधानले तीन तहमा राज्यको पुनर्संरचना गरि राज्य शक्तिको बाँडफाँड गरेको र तिनै तहका सरकारहरुको कार्य जिम्मेवारी, उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गरेको व्यहोरा विदितै छ । तीनै तहका सरकारहरुले आफ्नो कार्य जिम्मेवारी भित्रका विषयहरु कार्यान्वयन गर्न नीति, कार्यकम र बजेट निर्माण गरि तत् तत् तहका विधायिका समक्ष पेश गर्नु पर्ने संवैधानिक व्यवस्था अनुरुप यस हरिनगर गाउँपालिकाको आगामी आ.व. २०७८/०७९ को बार्षिक नीति, कार्यकम र बार्षिक बजेट गाउँ कार्यपालिकाबाट स्वीकृत गरि यस सम्मानीत सभामा छलफल र स्विकृतिका लागि प्रस्तुत गर्न पाउँदा मलाई गर्वको अनुभुति भएको छ ।

आ.व. २०७८/०७९ को गाउँ विकास योजना तर्जुमा गर्दा हामीले कोभिडका कारण सिर्जित समस्या र त्यसवाट सिर्जित प्रभावको अध्ययन नेपालको संविधानको अनुसुचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुचि, मौलिक हक, स्थानीय सरकार संचालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, स्थानीय तहमा बजेट तर्जूमा, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्वन्धि निर्देशिका, संघीय तथा प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु, चालु आवधिक योजनामा उल्लिखित लक्ष्य, उदेश्य तथा नीतिहरु, विद्यमान ऐन, नियम र विकास समसामयिक मुद्दाहरु र स्थानीय आवश्यकतालाई प्रमुख आधारका रुपमा लिएका छौं ।

सम्मानित अध्यक्षज्यू

अव म चालु आ.व.२०७८/०७९ को क्षेत्रगत वार्षिक नीति, कार्यकम तथा बजेट कार्यान्वयन अवस्थाका सन्दर्भमा संक्षिप्तमा समिक्षा गर्न चाहन्छु ।

**पुर्वाधार विकास :**

चालु आ.व. २०७७।०७८ मा पुर्वाधार विकास तर्फ लगानीको ठुलो हिस्सा गाउँपालिकाका गौरवका बहुवर्षिय सडक आयोजनाहरुको जम्मा २७.४४ कि.मि अस्फाल्ट कङ्क्रिट गर्नुपर्ने लक्ष्य रहेकोमा २०७८ साल जेष्ठ मसान्त सम्ममा ४.३ कि. मि. को भुटाहा बसमतिया सडक, ५.८५ कि. मि. को बसन्तपुर घुस्की बोर्डर सडक र २.६२ कि. मि. को घुस्की अर्नामा सडक, ४.४५ कि.मी. को हरिनगरा गौतमपुर नयाँहाट सडकको ४ कि.मी. र ४.६ कि. मि. को बसन्तपुर बेसक्याम्प सडकको १ कि.मी. कालोपत्रे निर्माण कार्य सम्पन्न भई हालसम्म जम्मा १७.७७ कि.मि. सडक कालो पत्रे भइसकेको छ । बाँकी सडकहरु मध्ये हरिनगरा बसन्तपुर सडकको सब वेसको कार्य सम्पन्न भईसकेको, घुस्की देवानगंज सडकमा प्राइम गर्ने कार्य शुरु भईसकेको, बसन्तपुर वेसक्याम्प सडकको बाँकी कार्य भईरहेको र हरिनगरा गौतमपुर नयाँहाट सडकको बाँकी कालोपत्रे कार्य तिव्रताका साथ अगाडि बढीरहेको छ । बहुवर्षिय सडक आयोजनाहरुको ८ स्थानमा ८ वटा बक्स कल्भर्ट निर्माण कार्य सम्पन्न भएको छ भने सडक सुरक्षाका लागि ग्याबियन वर्कको कार्य समेत सम्पन्न भईसकेको छ । गत आ. व. २०७६।०७७ मा प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा हरिनगर गा.पा. २ शिवमन्दिर पुर्व साविक वडा नं. २ हुदै मुल सडकमा जोडिने सडक कालो पत्रे गर्ने कार्य अघि बढिरहेको छ । गत आ.व. २०७६।०७७ मा संचालन भएको सुनसरी मोरिया खोला वडा नं. ४ अन्तर्गत कोइरी टोलमा १ वटा झुलुंगे पुल निर्माण कार्य सम्पन्न भइसकेको र सुनसरी मोरिया खोला वडा नं. १ चमसुर टोलमा फलामे पुल निर्माणको कार्य भईरहेको छ । जिल्ला समन्वय समिति र गाउँपालिकाको साझेदारीमा वडा नं. २, ४ र ६ मा वडा कार्यालय भवन निर्माण सम्पन्न भई नयाँ भवनमा कार्यालय संचालन भइसकेको छ भने ७ नं. वडाको वडा कार्यालय भवनको लागि जग्गा प्राप्त भई भवन निर्माण कार्य अघि बढेको छ । वडा नं. ४ वासुकीनाथ मन्दिर खडही टोल सिडिओ चौक सडकको कालोपत्रे कार्य मध्ये सब वेस कार्य सम्पन्न भएको छ भने संघीय सरकार, प्रदेश सरकार समपुरक अनुदान र गा.पा. को साझेदारीमा हरिनगर गा.पा. वडा नं. ७ अन्तर्गत देवानगंज सिकारी टोल सडक - कालो पत्रे कार्यको सम्झौता भई सडक निर्माण कार्य शुरु भएकोमा सो सडकमा ४ वटा कल्भर्ट मध्ये २ वटा कल्भर्ट निर्माण कार्य सम्पन्न भैसकेको छ । संघिय सरकारको नीति अनुरुप चालु आ.व.मा वडा नं. ४ स्थित प्राथमिक स्वास्थ्य केन्द्रको १५ बेडको अस्पताल भवन निर्माण कार्यको ठेक्का सम्झौता भईसकेको यस सम्मानित सभालाई निवेदन गर्दछु ।

## आर्थिक विकास

**कृषि बिकास तर्फ :**

चालु आ.व. मा कृषि विकास तर्फ १०० प्रतिशत अनुदानमा कृषकहरुलाई तरकारीको बिउ तथा मिनि किट र माटो सुधारको लागि कृषि चुन वितरण गरिएको, ७५ प्रतिशत अनुदानमा कृषकहरुलाई गहुँ तथा धानको बिउ वितरण गरिएको, विपन्न गरिब महिला कृषकहरुको क्षमता विकासको लागि तालिम संचालन गरिएको । नियमित रुपमा कृषि सेवा केन्द्रबाट बाली नालीमा लाग्ने रोगको उपचार तथा कृषि उपज सम्बन्धि परामर्श सेवा संचालन भई किसानहरु लाभान्वित भएका छन् ।

**पशु विकास तर्फ :**

चालु आ.व.मा ७ वटै वडाका पशुपालक किसानहरुलाई सहभागी गराई उन्नतजातको पशुपालन सम्बन्धि तालिम र बाखा पालन सम्बन्धि तालिम सञ्चालन गरिएको, पशु खोप प्रवर्द्धन कार्यकम अन्तर्गत ७ वटै वडामा HSBQ, FMD, PPR खोप लगाइएको, बंगुरको साना व्यवसायि कृषि उत्पादन केन्द्र पकेट विकास कार्यकम अन्तर्गत हरिनगर गा.पा. वडा नं.५र ७ मा ५ वटा समुहमा बंगुर पालन कार्यकम सञ्चालन उन्मुख रहेको, नियमित रुपमा पशुपंक्षीको स्वास्थ्य उपचार, माइनर सर्जिकल, प्रयोगशाला परीक्षण, कृत्रिम गर्भाधान सम्वन्धि कार्यकमहरु संचालन भई पशुपालक किसानहरु लाभान्वित भएका छन् ।

**तराइ मधेश समृद्धि कार्यक्रम**

तराइ मधेश समृद्धि कार्यक्रम अर्न्तगत हरिनगर गा.पा बडा नं. ४ पण्डीत टोलमा सिंचाई सुविधाको लागि स्टेट डिप बोरिङ्ग जडान कार्य सञ्चालन भैरहेको र ११ जना बेरोजगार युवाहरु लाइ आधारभुत तहको प्लम्बीङ्ग सीप विकास तालिम प्रदान गरिएको छ ।

## सामाजिक विकास :

**स्वास्थ्य :**

चालु आ.व. मा प्राथमिक स्वास्थ्य केन्द्रमा एक्स रे भिडियो एक्स रे सेवा संचालन, अपांगता भएका व्यक्तिहरुको विशेषज्ञ चिकित्सकहरुद्धारा प्रारम्भीक जाँच शिविर संचालन गरिएको, महिला स्वास्थ्य स्वंयमसेविकाहरुको लागि शुभकामना कार्यकम सम्बन्धि अभिमुखिकरण, नव विवाहित दम्पत्ति(महिला, पुरुष) हरुको लागि फोलिक एसिड चक्की वितरण, स्वावलम्बन समुहको लागि बचत, ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम संचालन, समावेशी बाल क्लवको गठन, सूनौला हजार दिनका आमाहरुका लागि पोषण सम्बन्धि शिक्षा, नव दम्पति तथा गर्भवति महिलालाई शुभकामना कार्ड वितरण, स्वास्थ्य संस्थाका कर्मचारी, महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई मास्क, पंजा, स्यानिटाइजर, पिपिइ आदि वितरण गरिएको, हरिनगर २ भुटाहामा आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना र संचालन गरिएको, विद्यालय स्वास्थ्य आमा समुह, सामाजिक व्यवहार परिवर्तन कार्यकम संचालन गरिएको, नर्सिङ्ग सामाजिक सुरक्षा कार्यकम संचालन गरिएको, सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई पोषण क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको । प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, गाउँपालिका र करुणा फाउण्डेसनको साझेदारीमा संचालित अपांगता रोकथाम तथा पुनस्थापना कार्यकम संचालन गरिएको छ भने २१ जना अपाङ्गहरुलाई ह्लि चेयर वितरण,एक्जुलरी पर्चेज १० जना,एल.स्टिक २ जना, वाकर ४ जना हेयरीङ्ग एड १७ जना ह्वाइट क्यान २ जना ,ट्वाइलेट चेयर ५ जनाको लागी खरिद गरी सम्बन्धित लाभग्राहिलाई वितरण गर्ने प्रकिया अगाडी बढाइएको ।

**आयुर्बेद :**

आयुर्वेदिक औषधालय गौतमपुरबाट गाँउघर क्लिनिक कार्यकम, अत्यावशेकिय औषधि खरिद,जेष्ठ नागरिकको लागी स्वास्थ्य प्रबर्द्धन सेवा कार्यकम,राष्ट्रिय आरोग्य तथा धनवन्त्रि दिवस, विद्यालय आयुर्वेद शिक्षा कार्यकम,स्तनपाई आमाहरुलाई मातृ शिशु सुरक्षार्थ निशुल्क दुग्धवर्धक औषधि वितरण,स्थानिय जनताहरुलाई जडिबुटी परिचयात्मक कार्यकम लगायतका कार्यकम सञ्चालन गरियो ।

**शिक्षा :**

चालु आ.व. मा शिक्षा तर्फ शैक्षिक क्षेत्रमा सुधारका लागि शैक्षिक अनुसन्धान कार्यकम सञ्चालन गरिएको, विधालयको शैक्षिक तथ्यांक व्यवस्थापन गर्न शिक्षकहरुलाई EIMIS तालिम सञ्चालन गरिएको, २० वटा सामुदायिक विद्यालयमा विद्युतिय हाजिरी जडान गरिएको, मल्टिमिडियाका माध्यमले विद्यार्थी केन्द्रित पठन पाठन गराउन ९ वटा विद्यालयहरुमा अंग्रेजी बोल्ने र पढ्ने मेशिन जडान गरिएको, विद्यालयमा विद्यार्थीहरुलाई खेलकुदप्रति उत्प्रेरित गर्न विद्यालय स्तरिय अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन गरिएको, सामुदायिक विद्यालयमा उर्दु बिषयको शिक्षण सिकाई गर्नका लागि ४ जना उर्दु शिक्षक व्यवस्थापन गरिएको, सामुदायिक विद्यालयहरुमा कम्प्युटर विषयको शिक्षण सिकाईका लागि २ जना हेल्मेट शिक्षकको व्यवस्थापन गरिएको, २ वटा विद्यालयमा WASH सहितको शौचालय निर्माण गरिएको, २ वटा विद्यालयमा ICT तथा विज्ञान प्रयोगशाला स्थापना गरिएको, जनता मा.वि. हरिनगर ३ को २ तल्ले ४ कोठे भवन निर्माण कार्य सुरुवात गरिएको, राट्रपति शैक्षिक सुधार योजना अन्तर्गत जामिअतुल इस्लाह अल इस्लामिया

हरिनगर २ मा पुस्तकालय तथा विज्ञान प्रयोगशाला स्थापना गरिएको, वालकृष्ण मा.वि.हरिनगर १ लाई शिक्षामा नविनतम् प्रविधि र शैक्षिक सामाग्री सहयोग र जनपथ आधारतभुत विधालय हरिनगर ६ मा WASH सहितको शौचालय निर्माण गरिएको, विद्यालयको का.स.मू.को आधारमा ६ वटा सामुदायिक विद्यालयहरुमा अंग्रेजी विज्ञान तथा गणित विषयका लागि Kits सहयोग गरिएको, विद्यालयको शैक्षिक सुधार तथा व्यवस्थापनका लागि नियमित प्रधानाध्यापकहरुको बैठक संचालन गरिएको ।

**सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा तर्फ :**

चालु आ.व.मा ७ वटै वडाका जनप्रतिनिधि, वडा सचिव, वडाका कम्प्युटर अपरेटरलाई ३ दिने अनलाइन प्रणाली सम्बन्धि MIS तालिम संचालन गरि सातवटै वडा कार्यालयहरुलाई १/१ वटा डेस्कटप कम्प्युटर, प्रिन्टर, स्क्यानर र Wirless 4G डंगोल वितरण गरिएको, ७ वटै वडामा अनलाईन घटना दर्ता गर्ने कार्य शुरु भएको, सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीबाट प्रदान गरिएको, घटना दर्ता किताबलाई डिजिटाइजेशन गर्ने कार्य सञ्चालनमा रहेको, शत प्रतिशत घटना दर्ताका लागि सातवटै वडामा दर्ता शिविर सञ्चालनमा रहेको छ ।

**लक्षित समुदाय विकास कार्यक्रम :**

कोरोना भाइरसको संक्रमण फैलिन नदिन सरकारले घोषणा गरेको लकडाउनका कारण मानिसहरु जम्मा गरि संचालन गरिने कार्यक्रम संचालन गर्न सम्भव नभएका कारण चालु आ.व. मा केही लक्षित समुदाय विकास कार्यक्रम संचालन भएको ।

**प्रकोप व्यबस्थापन :**

कोभिड १९ को संक्रमण समुदायस्तरमा फैलन नदिन हरिनगर गाँउपालिका वडा नं. १ को वि.जि. हस्पिटलमा मिति २०७७ श्रावण महिनाबाट ५० बेडको आइसोलेसन सेन्टर स्थापना गरी १७५ जना पोजेटिभ बिरामिलाई सेवा दिईयो । त्यस्तै २०७७ मंसिर महिनाबाट ५ बेडको अस्थायी कोरोना अस्पताल तथा कोरोना भाइरसको दोश्रो महामारीबाट बच्नको लागी मिति २०७८ बैशाख १९ बाट पुनह ५० बेडको आइसोलेसन केन्द्र सञ्चालनमा ल्याइ हालसम्म २८ वटा अक्सिजन सिलिण्डर, २ अक्सिजन कन्सन्ट्रेटर लगायत आवश्यक स्वास्थ्य सामाग्रीहरुको व्यबस्थापन गरि सेवा सञ्चालनमा रहेको,जसको लागी आवश्यक मेडिकल अधिकृत सहित अन्य स्वास्थ्यकर्मी,सफाईकर्मी र अन्य कर्मचारीहरुसमेत परिचालन गरिएको छ । जसको आर्थिक व्यबस्थापनको लागी कोभिड १९ उपचार कोषमा विभिन्न वडाको कार्यक्रमको बजेट तथा गाँउपालिका अन्तर्गतको विभिन्न कार्यक्रम शिर्षकको बजेट कटौति गरी कोषमा दाखिला गरियो । त्यस्तै चालु आ.व मा विभिन्न वडाका आगलागी प्रकोप पिडित परिवारलाई बस्तुगत तथा आर्थिक सहायता प्रदान गरियो ।

**संस्थागत व्यवस्था तथा सुशासन :**

गाउँपालिकाको आर्थिक कार्यप्रणालीलाई व्यवस्थित बनाउन र पारदर्शि बनाउन आर्थिक कार्यविधि कानुन स्विकृत भएको छ ।

कम्प्युटर प्रणालीको प्रयोग गरि राजश्व संकलन कार्यलाई सरल, सहज र विश्वसनिय बनाउनको निमित्त आवश्यक व्यवस्था मिलाइएको छ । सामाजिक सुरक्षा भत्ता रकम बैंक खाता मार्फत वितरण गर्ने व्यवस्था मिलाइएको छ । गाउँ कार्यपालिकाको कार्यालयमा सि.सि. क्यामरा जडान गरिएको छ ।

गाउँ कार्यपालिकाको खर्च लेखालाई नेपाल सरकारबाट तयार गरिएको सुत्र प्रणालीमा आवद्ध गरि आर्थिक कारोवारलाई विश्वसनिय र भरपर्दो बनाईएको छ । गाउँ कार्यपालिकाको कार्यालयवाट प्रवाह हुने सेवालाई कम्प्युटराइज गर्दै लगिएको छ र गाउँपालिकाको वेभ साइट संचालन गरिएको छ ।

**न्यायिक समिति तथा न्याय सम्पादन :**

गाँउपालिकाको न्यायिक समितिमा गत आ.व ०७६/०७७ को जग्गा किचौला सम्वन्धि ४८, लेनदेन १ वटा र अन्य विषयमा ५ वटा गरि जम्मा ५४ वटा उजुरी र यस चालु आ.व मा परेको जग्गा किचौला सम्बन्धि उजुरी १०४, लेनदेन ४ वटा र अन्य विषयमा ९ वटा गरि जम्मा ११७ वटा उजुर समेत गरि जम्मा १७० मुद्धा/उजुरी मध्ये चालु आ.व मा १४५ वटा उजुरीहरु फर्छयौट भई २५ वटा उजुरीहरु निर्णय हुन बाँकी रहेका छन् ।

## उद्योग,बाणिज्य,व्यबसाय, उद्यम तथा रोजगारी :

**प्रधानमन्त्रि रोजगार कार्यक्रम :**

चालु आ.व मा प्रधानमन्त्रि रोजगार कार्यक्रम अर्न्तगत ७ वटै वडाको २१९ जना बेरोजगार व्यक्तिहरुको नाम दर्ता भएको र कोभिड १९ को दोश्रो लहरको संक्रमणबाट बच्न गरिएको लकडाउनको कारण रोजगारी प्रदान गर्ने कार्यक्रमहरु प्रभावित भएको छ ।

**लघु उद्यम विकास कार्यक्रम :**

चालु आ.व बाट गाँउपालिकामा लागु भएको लघु उद्यम विकास कार्यक्रम सञ्चालनको लागी २ जना लघु उद्यम विकास सहजकर्ता तथा सहयोगी नियुक्ति भई गा पा स्तरीय लघु उद्यम विकास समिति गठन भएको र लघु उद्यम विकास समितिको निर्णय बमोजिम चालु आ.व. मा वडा नं. ४,५,६ र ७ मा कार्यक्रम लागु भई सो वडाहरुमा वडास्तरिय अभिमुखिकरण कार्यक्रम पश्चात सहभागितामुलक ग्रामिण लेखाजोखा,घरधुरी सर्वेक्षण फारम भर्ने कार्य सम्पन्न गरि उद्यम विकास,सिलाईकटाई,ड्राइभिङ्ग तालिम र गाई पालन,बाखा पालनको तालिम सञ्चालनमा रहेकोमा रहेकोमा कोभिड १९ को दोश्रो लहरको संक्रमणका कारण केही तालिमहरु प्रभावित भएको व्यहोरा निवेदन गर्दछु ।

**वडागत विकास तर्फ :**

**वडा नं. १**

चालु आ.व.मा हरिनगर गा.पा. वडा नं. १ अन्तर्गतको विभिन्न सडक योजनामा ११०० मिटर ग्राभेल बाटो निर्माण कार्य सम्पन्न भएको, कृषकहरुलाई कृषि सम्बन्धि तालिम र सिचाईका लागि १० थान बोरिङ्ग जडान गरिएको, बालकृष्ण मा.वि.मा विज्ञान प्रयोगशालाको लागि सामाग्री सहयोग, स्वास्थ्य चौकी भुटाहमा फर्निचर वितरण, वडा कार्यालयको वाल निर्माण लगायतको विकास निर्माण तथा सामाजिक विकास सम्बन्धि कार्य सम्पन्न गरिएको लगायत बाँकी केही आयोजनाहरु सञ्चालनमा रहेको छ ।

**वडा नं. २**

चालु आ.व.मा कृषकहरुलाई कृषि सम्बन्धि तालिम संचालन गरिएको, वडा नं. २ अन्तर्गतका विभिन्न सडक योजनामा १०५० मिटर ग्राभेल बाटो माटो पुरी ग्राभेल गर्ने कार्य भएको, विपद व्यबस्थापन समितिको तालिम सञ्चालन

गरिएको,बालबालिकाहरुलाई शैक्षिक सामाग्रीहरु वितरण,युवा खेलकुद विकास कार्यक्रम सञ्चालन भएको लगायत बाँकी केही आयोजनाहरु सञ्चालनमा रहेको छ ।

**वडा नं. ३**

चालु आ.व. मा वडा नं. ३ अन्तर्गतको सडक योजनामा विभिन्न ६ वटा बाटो मा माटो पुरी ग्राभेल गर्ने कार्य सम्पन्न भएको, भैंसी पालक किसानहरुलाई लक्षित गरी कृत्रिम गर्भाधानको लागि राँगा खरिद, बेमौसमी तरकारी बाली तालिम, भाषा साहित्य धर्म संस्कृति सम्बर्द्धनका कार्यक्रम संचालन गरिएको, दलित समुदायको उत्थानका लागि भाँडा वर्तन सहयोग कार्यक्रम संचालन गरिएको, विभिन्न मठ मन्दिरको निर्माण कार्य संचालन,महिला अवलोकन भ्रमण,अपाङ्गहरुलाई ह्विल चेयर वितरण, कोरोना रोकथाम तथा विपद न्युनिकरण कार्यक्रम लगायतका कार्यहरु सम्पन्न गरिएको लगायत बाँकी केही आयोजनाहरु सञ्चालनमा रहेको छ ।

**वडा नं. ४**

चालु आ.व.मा वडा नं. ४ अन्तर्गत सडक आयोजनामा १४०० मिटर बाटो ग्राभेल गर्ने कार्य सम्पन्न भएको, विभिन्न मठ मन्दिरको अधुरो निर्माण कार्य सम्पन्न गरिएको, सामाजिक विकास तर्फ अति विपन्न घरपरिवारहरुलाई स्वास्थ्य उपचारमा पहुँच पुर्याइएको, गरिब दलित बालबालिकाहरुलाई न्यानो कपडा वितरण,बालबालिकाहरुलाई छात्रवृत्ति वितरण, स्थानीय भाषा सांस्कृति साहित्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको लगायत बाँकी केही आयोजनाहरु सञ्चालनमा रहेको छ ।

**वडा नं. ५**

चालु आ.व.मा वडा नं. ५ अन्तर्गत सडक निमार्णका कार्य अघि बढाइएको, वडा कार्यालयको कम्पाउन्ड वाल निमार्ण कार्य सम्पन्न भएको र वडा कार्यालयको माथिल्लो तलाको अधुरो भवन निमाण कार्य संचालनमा रहेको, नवर्दुगा मन्दिरको कम्पाउन्ड वाल निर्माणाधिन रहेको, योग शिविर संचालन, भाषा साहित्य संस्कृति कार्यक्रम, खेलकुद कार्यक्रम, महिला स्वास्थय स्वसेविका प्रोत्सहान कार्यक्रम, विपद व्यवस्थापन सम्बन्धी चेतनामुलक कार्यक्रम, स्वास्थ्य चौकी फर्निचर हस्तान्तरण कार्यक्रम आदि सम्पन्न भएको छ ।

**वडा नं. ६**

चालु आ.व. मा हरिनगर गा.पा. वडा नं. ६ अर्न्तगत सञ्चालित सडक आयोजनामा करिब ७०० मिटर बाटोमा माटो तथा ग्राभेल गर्ने कार्य सम्पन्न भएको र ५५० मिटर निर्माणाधिन अवस्थामा रहेको, योग विज्ञान शिविर संचालन, युवतीहरुको लागि सिलाई कटाई तालिम संचालन भएको, विद्यालयमा फर्निचर सहयोग, विपन्न विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण,साविम घुस्की ९ स्थित खेलमैदान मर्मत तथा व्यबस्थापन भएको,चाँदनी बाल बिकासको भवन निर्माण कार्य भएको, घुस्की बजारको फोहरमैला व्यवस्थापन कार्य सम्पन्न भएको, कृषि सहकारी संस्थाको संस्थागत विकासको लागि १ थान जेनेरेटर सहयोग गरिएको लगायत बाँकी आयोजनाहरु सञ्चालनमा रहेको ।

**वडा नं. ७**

चालु आ.व. मा हरिनगर गा.पा. वडा नं. ७ अर्न्तगत सञ्चालित सडक आयोजनामा १३०० मिटर बाटोमा माटो तथा ग्राभेल गर्ने कार्य सम्पन्न गरिएको, कृषकहरुका लागि क्षमता अभिवृद्धि गर्न अवलोकन भ्रमण कार्यक्रम, मल विषादी प्रयोग बारे जनचेतना, कृषि औजार तथा स्प्रे मेशिन वितरण गरिएको, युवाहरुका लागि हाउस वायरिंग, शिक्षक सेवा आयोग तयारी कक्षा संचालन, योग विज्ञान शिविर संचालन, खेलकुद विकास कार्यक्रम संचालन गरिएको, फोहोर

मैला व्यवस्थापन, विपद व्यवस्थापन सम्बन्धि कार्यक्रम सम्पन्न गरिएको लगायत बाँकी केही आयोजनाहरु सञ्चालनमा रहेको ।

## क्षेत्रगत नीति

सम्मानित अध्यक्षज्यू ,

आ.व.२०७८/०७९ को क्षेत्रगत बार्षिक नीति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक विकास :**

**कृषि तथा पशुपालन :**

- माटो सुँहाउदो वालीहरुलाई प्रोत्साहित गरि कृषि क्षेत्रको उत्पादकत्व र प्रतिष्पर्धि क्षमता विकास गरिने छ ।
- कृषि उपज बढाई आत्मनिर्भर बनाउन गा पा भित्रका कृषक, कृषि समुह, पशुपालक हरुलाई आवश्यक तालिमको व्यबस्था गरिनेछ ।
- तुलानात्मक लाभ हुन सक्ने मकै, धान, गहुँ लगायतका कृषि उपजको उत्पादन प्रवर्द्धनमा जोड दिइनेछ ।
- खेती योग्य जग्गा बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ ।
- कृषि योग्य भुमिमा सिचाइ सुविधा विस्तारको लागी बोरिङ्ग जडान गर्दै लगिने छ ।
- गरिव तथा न्युन आय भएका किसानहरुलाई सतप्रतिशत अनुदानमा धान,गँहु तथा तरकारीको विउ उपलब्ध गराउने कार्यकमलाइ निरन्तरता दिइने छ ।
- पशुपंक्षीको उत्पादकत्व बढाउन पशु नश्ल सुधार कार्यकमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- कृषि तथा पशुपंक्षीहरुको तथ्यांक अद्यावधिक गरिनेछ ।
- फलफुल दशक अन्तर्गत आँप,लिची कटहर लगायत अन्य तुलानात्मक लाभ दिनसक्ने फलफुलका विरुवा रोप्ने अभियान संचालन गरिनेछ ।
- पशु स्वास्थ्य सेवा र कृषिलाई प्रभावकारी बनाउन एक गाउँ एक प्राविधिक कार्यकमलाई निरन्तरता दिइनेछ ।
- गाँउपालिकाभित्र उत्पादन हुने कृषि उपजको व्यबस्थापन गर्न हरिनगर गा पा वडा नं. १ मा अत्याधुनिक प्रविधिको गोदामघर निर्माण कार्य अगाडी बढाइनेछ ।
- हरिनगर गाँउपालिकाका ७ वटै वडाभित्रबाट उत्कृष्ट किसान तथा पशुपालकलाई सम्मान तथा पुरस्कार प्रदान गरिनेछ ।
- गाँउपालिकाभित्रका किसानहरुलाई कृषि औजार बितरण गरिनेछ ।

**उद्योग तथा वाणिज्य :**

- गाउँपालिका क्षेत्र भित्र उद्योगको विकासका लागि उद्योगलाई आवश्यक पर्ने पूर्वाधार विकास गर्न गाउँपालिकाले जोड दिनेछ ।
- स्थानीय सीप र कौशल प्रयोग हुने वस्तु र सेवाको उत्पादन र व्यापारलाई प्रोत्साहन दिइनेछ ।
- गाँउपालिका क्षेत्रभित्र बिना दर्ता सञ्चालित उद्योग व्यबसायलाई दर्ता गराई करको दायरामा ल्याउने र व्यवसायिक सुरक्षको प्रत्याभुति गराइनेछ ।

- गाउँपालिका क्षेत्रभित्र रहेका ऐतहासिक र पुरातात्वीक महत्वका सम्पदाहरुको खोजी गरी त्यस्ता क्षेत्रलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गरिनेछ ।
- भुटाहा र घुस्की बजारमा सुपरमार्केटको लागी उपयुक्त हुने किसिमको भवन बनाइनेछ ।

**सहकारीको बिकास, गरिबि निवारण र रोजगारी श्रृजना :**

- विगतमा गरिबि निवारण कोषबाट विभिन्न कार्यक्रम तथा आयोजनाहरु मार्फत समुदायस्तरमा समुहहरुलाई उपलब्ध गराएको पुँजी रकम र समुहहरुले गरेको बचत रकमको लगत गाउँपालिकाबाट अद्यावधिक गरि सो रकम रोजगारी सिर्जना, आय आर्जन र उत्पादनमुलक कार्यमा परिचालन गरिनेछ ।
- विगतामा गरिवि निवारण कोषद्धारा प्रवर्द्धित गाउँपालिका क्षेत्र भित्रका सामुदायिक संस्थाहरुले परिचालन गरेको घुम्ती कोषलाई विउ पुँजीको रुपमा प्रयोग गरि स्थानीय स्तरमा आर्थिक गतिविधि संचालन गर्न यी संस्थालाई सहकारी प्रणालीमा रुपान्तरण गरिनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सिपमुलक तालिमको व्यवस्था गरिनेछ ।
- विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सिपको विवरण समेत रोजगार सुचना केन्द्रमा अद्यावधिक गरि त्यस्तो जनशक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुने निर्माण, सेवा व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगारदातासँग समन्वय गरि रोजगारी प्रदान गर्न सहजिकरण गरिनेछ ।

**सामाजिक विकास**

**शिक्षा :**

- सार्वजनिक विधालयबाट प्रदान गरिने शिक्षाको गुणस्तरमा सुधार गरी निजी क्षेत्र र सार्वजनिक क्षेत्र विच रहेको शिक्षाको गुणस्तरमा रहेको अन्तर घटाइनेछ ।
- शिक्षालाई रोजगारी र उद्यमशिलता सँग जोडन प्राविधिक र व्यवसायिक शैक्षिक संस्थाको स्थापनाका लागि पहल गरिने छ ।
- विधालय तहको शिक्षामा कम्प्युटर शिक्षालाई प्रोत्साहित गर्न तथा भाषा साहित्यलाई प्रबर्द्धन गर्न हेल्मेट शिक्षक तथा उर्दु शिक्षकको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- सामुदायिक विधालयहरुमा अंग्रेजी भाषाको पठन पाठनलाई सहज बनाउन सामुदायिक विधालयहरुमा अंग्रेजी बोल्ने र पढने मेसिन (Talking Teacher ) को व्यवस्थालाई अन्य विधालयहरुमा विस्तार गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- विधालयहरुमा सुचना तथा संचार प्रविधिको प्रयोग र सिकाईलाई प्रोत्साहित गरिनेछ
- जिर्ण अवस्थामा रहेका विद्यालय भवन हरुको मर्मत, फर्निचर तथा आवश्यक शैक्षिक सामाग्रीहरुको व्यबस्थापनको लागी बजेट व्यवस्था गरिनेछ ।
- गाँउपालिकाभित्रको विद्यालय तथा मदर्शाहरुको लागी आवश्यक भवन, कक्षा कोठा तथा शौचालयको व्यवस्था गरीनेछ ।
- बार्षिक शैक्षिक योजना निर्माण तथा शैक्षिक प्रोफाइल निर्माण गरिनेछ ।
- शैक्षिक गतिविधिको अनुगमन तथा मुल्याङ्कनमा जोड दिइनेछ ।

- शैक्षिक अध्ययन अवलोकन भ्रमणलाई निरन्तरता दिइनेछ ।
- शिक्षकहरुलाई मागमा आधारीत तालिम विद्यालयको लेखापालहरुलाई लेखा सम्बन्धि तालिम तथा व्यवहारिक लेखन तालिम सञ्चालनको प्रवन्ध मिलाइनेछ ।
- अध्यक्ष कप खेलकुद प्रतियोगिता र राष्टपति रनिङ्गशिल्ड मार्फत बालबालिकामा खेलकुदको विकास गरिनेछ ।
- हरिनगर गाँउपालिका भित्रका गरिव जेहन्दार र दलित विद्यार्थीहरुलाई पोशाक तथा छात्रवृत्ति प्रदान गरिनेछ ।
- स्थानिय पाठ्कम तथा पाठ्यपुस्तक निर्माण तथा छपाई कार्यकमलाई निरन्तरता दिइनेछ ।
- विद्यालयहरुमा योग शिक्षा सम्बन्धि कार्यकम सञ्चालन गरिनेछ ।

**स्वास्थ्य :**

- स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायत जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधि, उपकरण तथा स्वास्थ्य सामाग्रीहरुको व्यवस्थापन गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- गर्भावस्था देखि जन्मपश्चात उपलब्ध गराइने खोप, भिटामिन ए, पोलियो खोप जस्ता आधारभुत स्वास्थ्य सेवा सुनिश्चित गरिने छ ।
- कोभिड १९ मा स्थानीय तहमा स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, सेनीटाइजर,पंजा आदि सामाग्रीहरु) को अभाव नहुने गरि बजेट व्यवस्था गरिनेछ ।
- संक्रामक रोगहरु नियन्त्रणमा हासिल भएका उपलब्धिहरुलाई कायम राखिनेछ ।
- बढदै गइरहेको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्न समुदायस्तरमा सचेतना कार्यकमहरु संचालन गरिनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र, हरिनगरालाई १५ सैयाको अस्पतालमा स्तरोन्नती गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
- एक वडा एक स्वास्थ्य चौकीको अवधारणा अनुरुप वडा नं. ७ मा आधारभुत स्वास्थ्य केन्द्र भवन स्थापनाका लागि भवन निर्माण प्रकृया अगाडी बढाईने छ ।
- स्वास्थ्य संस्थाहरुबाट निशुल्क रुपमा उपलब्ध गराईने औषधिहरुको अभाव हुन दिइने छैन ।
- प्राथमिक स्वास्थ्य केन्द्रबाटै ल्याब सेवा, एक्स रे सेवा, भिडियो एक्स रे, इ सि जि लगायतका सेवाहरु सर्वसुलभ रुपमा उपलब्ध गराईनेछ ।
- स्वास्थ्य संस्थासम्म पँहुच पुर्याउन गाँउपालिकाले एम्बुलेन्स खरिद गर्ने र अति विपन्न वर्गलाई प्राथमिक स्वास्थ्य केन्द्रसम्म आउनको लागी निशुल्क एम्बुलेन्स सेवा दिईनेछ ।
- स्वास्थ्य विमा कार्यकमलाई प्रभावकारी बनाउन आवश्यक जनशक्ति, उपकरण र बजेटको व्यबस्था गरिनेछ ।
- स्वास्थ संस्थाहरुको लागी आवश्यक स्वास्थ्य सामाग्री, फर्निचर, रंगरोगन, घेराबेरा, मर्मत संभार तथा अन्य उपकरणहरुको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य चौकी भुटाहा र स्वास्थ्य चौकी घुस्कीमा बर्थिङ्ग सेन्टर सञ्चालनमा ल्याई सेवा बिस्तार गरिनेछ ।
- हरिनगर गाँउपालिकाभित्रका जनताहरुलाई स्वास्थ्य सेवामा पँहुच पुर्याउन तथा रोगको पहिचान र उपचारको लागी बृहत स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- बृहत पोषण कार्यकमको लागी बजेट तथा जनशक्तिको व्यबस्थापन गरिनेछ ।
- यस गा.पा. भित्र मोतिबिन्दु रोगको समस्या भएका जेष्ठ नागरिकको लागी सरकारी अस्पतालमा निशुल्क अपचार गर्न आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

- महिलाहरुको लागी पि.आई.डि. र आङ्ग खस्ने बिरामीको पहिचान गरी सरकारी अस्पतालसंग समन्वय गरि उपचारको व्यबस्था मिलाइनेछ ।

आयुर्वेद :

- आयुर्वेद सेवा बिस्तार गरी आयुर्वेदिक औषधालय गौतमपुरलाई बैकल्पिक उपचार केन्द्रको रुपमा विकास गरिनेछ ।
- नि शुल्क आयुर्वेदिक स्वास्थ्य शिविर सञ्चालन लगायतका कार्यमार्फत जनताको घरदैलो सम्म आयुर्वेदिक सेवा विस्तार गरिनेछ ।
- आयुर्वेदिक औषधालयको लागी आवश्यक आधारभुत औषधि उपकरण तथा कार्यालय सामाग्रीहरुको प्रबन्धको व्यबस्था मिलाइनेछ ।

**खानेपानी र सरसफाई**

- गाँउपालिका क्षेत्र भित्रका सबै जनसंख्यालाई आधारभुत स्तरको खानेपानी सेवा उपलब्ध गराउन पहल गरिने छ ।
- गाँउपालिका क्षेत्र भित्रका शहर उन्मुख बजारहरुमा ढल निकास तथा फोहरमैला व्यवस्थापन कार्यको शुरुवात गरिने छ ।
- खानेपानी तथा सरसफाइको लागी अन्य संघ,प्रदेश तथा बाह्य संघसंस्थाको सहकार्य तथा लागत साझेदारीमा आयोजनाहरु अगाडी बढाईनेछ ।

**उद्यम, रोजगारी, जनशक्ति व्यबस्थापन, यूवा तथा खेलकुद**

- यूवाको दक्षता उद्यमशिलता अन्वेषणात्मक क्षमताको विकास गरि विकासमा यूवा सहभागिता बढाइने छ
- खेलकुद विकासका लागि भौतिक पूर्वाधार निर्माण र स्थानिय स्तरमा अध्यक्ष कप फुटबल, क्रिकेट, भलिबल, कुस्ति जस्ता खेलकुद प्रतियोगिताहरु आयोजना संचालन गरी युवा विकास गर्ने नीति रहेको छ ।
- युवाहरुलाई दुर्व्यसनिबाट रोक्नको लागी विभिन्न कार्यकमहरु ( लागु औषध दुर्व्यसनी नियन्त्रण, क्लब हरुको गठन ) गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यकम, उद्यम विकास कार्यकम लगायतका कार्यकमहरुलाई निरन्तरता दिइनेछ ।
- गाँउपालिकाको रोजगार सेवा केन्द्र मातहत रहनेगरी दक्ष जनशक्ति तथा शैक्षिक बर्गहरुको समेत लगत संकलन गरी जनशक्ति बैंकको स्थापना गरी रोजगारीको लागी अन्य रोजगार प्रदायक संस्थाहरुमा सिफारिस गर्ने प्रबन्ध मिलाईनेछ ।
- वेरोजगार युवाहरुलाई सिप विकास तालिम (इलेक्ट्रोनिक्स, मोबाईल तथा कम्प्युटर मर्मत आदी जस्ता तालिमहरु) प्रदान गरिनेछ ।
- गाँउपालिकाले सञ्चालन गर्ने पुर्वाधार विकास तथा अन्य आयोजनाहरुमा काम गर्ने कामदारको रुपमा स्थानियलाइ प्राथमिकता दिइनेछ ।

**धर्म, संस्कृती, भाषा, साहित्य :**

- स्थानिय समुदायको भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण र सम्वर्द्धन गरिने छ

- हरिनगर गा.पा. वडा नं. १ रामनगर भुटाहा स्थित श्री दुर्गा मन्दिर र वडा नं. ४ हरिनगरा बजार स्थित महाविर बजरंगबली मन्दिर निर्माणको लागी बजेट व्यबस्थापन गरिनेछ ।
- हरिनगर गा.पा. भित्र रहेका कब्रिस्तान, ईदगाह, स्मसान घाट, मठमन्दिर, मस्जिद, मकतब, गुठी, पोखरी लगायत अन्य धार्मिकस्थल तथा धार्मिक सम्पदाहरुको बिकास तथा सम्बर्द्धनको लागी बजेट व्यबस्था गरिनेछ ।
- स्थानिय परम्परागत भाषा संस्कृती र रितिरिवाजको संरक्षण गर्न विशेष कार्यकमहरु ल्याइनेछ ।

**महिला ,बालबालिका ज्येष्ठ नागरिक,अपाङ्ग तथा सामाजिक सुरक्षा :**

- विद्यालय जाने उमेर समुहका अति विपन्न वर्गका छात्राहरुलाई साईकल बितरण गरिनेछ ।
- उत्पीडन तथा हिंसामा परेका महिला, बालबालिका तथा अपाङ्गहरुलाई आवश्यक सहयोग गरिनेछ
- गा पा क्षेत्रभित्रका महिलाहरुको लागी आयमुलक सिप तालिमको ब्यबस्थापन गरिनेछ ।
- उच्च शिक्षा हासिल गरेका विद्यार्थीहरुलाई लोक सेवा आयोग, शिक्षक सेवा आयोग कक्षा लगायतको तयारी कक्षा गा पा स्तरबाटै सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिक, महिला, दलित, बालबालिका, अपाङ्ग, अल्पसंख्यक समुदायको संरक्षण र सुरक्षको लागी विशेष कार्यकम ल्याइनेछ ।
- सम्पुर्ण किसिमका सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालिबाटै भुक्तानी गर्ने प्रबन्ध मिलाइनेछ ।
- हरिनगर गाँउपालिका भित्रका ३ भन्दा बढी छोरी भएको परिवारलाई **"अध्यक्ष उपाध्यक्ष बेटी पढाउँ कार्यकम"** सञ्चालन गरिनेछ, साथै सोही प्रकृतिका बालिकालाई सामुदायिक विद्यालयमा लिइने आन्तरिक दस्तुरहरु मिनाहा गर्न सम्बन्धित विद्यालयहरुलाई निर्देशन दिइनेछ ।
- सुकुम्बासी समस्या समाधान गर्नका लागी भुमि सम्बन्धि समस्या समाधान आयोगसंग समन्वय गरी गा पा भित्रका भुमिहिनहरुलाई जग्गाधनी पुर्जा उपलब्ध गराई शुन्य सुकुम्बासी गा. पा. बनाइनेछ ।

**पूर्वाधार विकास :**

**सडक :**

- सडक आयोजना निर्माण गर्दा रकम छर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ । बहुवर्षिय आयोजना तथा चालु आ.व.का अधुरा योजनाहरुलाई आ.व. २०७८/०७९ भित्र सम्पन्न गर्न बजेट व्यवस्था गरिनेछ ।
- हरिनगर गाँउपालिका अर्न्तगतका डि.पि.आर. भैसकेका सडकहरु स्तरोन्नती गरी कालोपत्रे गर्ने कार्यका लागी आवश्यक रकम व्यबस्था गरिनेछ ।
- गाँउपालिका भित्रका मुख्य सडकहरु सबै समय तथा मौसममा यातायात संचालन गर्न सकिने गरी क्रमशः स्तरोन्नति गरिदै लगिने छ ।
- गाँउपालिका भित्र रहेका सम्पूर्ण सडकहरुको अभिलेख व्यवस्थित गरी योजनाबद्ध रुपमा सडक निर्माण कार्य अघि बढाईने छ ।
- रणनितिक महत्वका सडक दाँया बाँया वृक्षारोपण गर्न प्राथमिकता दिईनेछ ।
- गाउपालिका क्षेत्र भित्रका वडाहरुलाई गाँउपालिकाको केन्द्रसंग जोड्ने सडकहरुको स्तरोन्नतिलाई प्राथमिकता दिईनेछ ।

- रणनितिक महत्व राख्ने र गाँउपालिका केन्द्रसम्म जोड्ने थप सडकहरु निर्माणको लागी प्रकिया अगाडी बढाइनेछ ।
- सुनसरी मोरिया खोला र कठले खोलामा झोलुङ्गे पुलनिर्माण गरिनेछ ।
- सडकको संरक्षणको लागी स्थानियहरुमा जनचेतना फैलाउने, स्थानिय स्तरमा सडक तथा सार्वजनिक सम्पति रेखदेखको लागी समिति बनाउने, आगामी आ व को अत्यसम्म सातवटै वडामा टोल विकास समिति बनाई कियाशिल गराईनेछ ।
- सडकको मर्मत र रेखदेखको लागी सडक हेरालुलाई निरन्तरता दिईनेछ ।
- सार्वजनिक सम्पति तथा सडकमा क्षति पुर्याउने कार्य रोक्नको लागी कडा भन्दा कडा कानुन बनाई कार्यन्वयन गराइनेछ ।
- नागरिकहरुको सहज आवतजावतको लागी गा पा भित्र भएका बाटोघाटो मर्मत गर्न तथा सरकारी, धार्मिक, पुरातात्विक सम्पदाहरुको मर्मतको लागी मर्मत संभार कोषमा वजेट व्यवस्थापन गरिनेछ ।

**भवन तथा शहरी विकास**

- गाँउपालिकाको प्रशासकिय भवन निर्माणको लागी आवश्यक जग्गा व्यवस्थापन गरी भवन निर्माण प्रक्रिया अगाडी बढाइनेछ ।
- व्यवस्थित वस्ती विकास अघि बढाउन Land pooling कार्यक्रम संचालन गर्न सकिने स्थानहरुको छनौट गरी सम्भाव्यता अध्ययन गरिनेछ र Land pooling को लागी आवश्यक पर्ने ऐन कानुनहरु बनाईनेछ ।
- गाँउपालिका भित्र बन्ने भवनहरुलाई नियमन गर्न वस्ती विकास तथा भवन निर्माण मापदण्ड तर्जुमा गरी अनिर्वाय नक्शा पास गर्नुपर्ने व्यवस्था लागु गरिनेछ ।
- गााउपालिका भित्र बन्ने भवनहरुमा भुकम्प प्रतिरोधी र सुरक्षित वनाउन राष्ट्रिय भवन संहिता लागु गरिनेछ ।
- घरजग्गाको,नक्सापास तथा नामसारीको प्रकियालाई छिटो छरितो र सरल वनाइनेछ

**वन, वातावरण तथा विपद व्यवस्थापन**

**विपद व्यवस्थापन**

- विपद व्यवस्थापनलाई प्रभावकारी वनाउन स्थानिय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ ।
- विपदहरुको रोकथाम तथा न्यूनिकरणका लागि पुर्व तयारी,प्रतिकार्य र पुर्नलाभका कार्यक्रम संचालन गर्न स्थानिय विपद व्यवस्थापन कोषमा आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- ठुला पूर्वाधार आयोजनाहरु संचालन गर्दा विपद जोखिम संवेदनशिलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरि डिजाइन तथा इस्टिमेट गर्ने व्यवस्था गरिनेछ ।
- वाढी पहिरो, आगलागी, चट्याङ्ग, हावाहुरी जस्ता प्रकोपबाट पिडित नागरिकको घर घरमै पुगी राहत उपलब्ध गराईनेछ र ठुला प्रकृतिको विपद आईपरेमा जिल्ला विपद् व्यवस्थापन समिति , नेपाल रेडक्रस सोसाइटी तथा अन्य निकायहरुसंग समन्वय गरी काम गरिनेछ ।
- कोभिड १९ को संकमण नियन्त्रणको लागी आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

**वन तथा वातावरण संरक्षण :**

- गाँउपालिका क्षेत्र भित्रका खाली तथा पर्ति जग्गाहरुमा वृक्षारोपण गरिनेछ ।
- वातावरण संरक्षण र जलवायू परिवर्तनका असरहरु सम्बन्धमा जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- जलवायू परिवर्तन संग अनुकुलित हुने गरी विकास कार्यक्रमहरु संचालन गरिनेछ ।
- शहरीकरणको विस्तार संगै बढने फोहरमैलाको चुनौतीलाई सामना गर्नफोहरमैला व्यवस्थापन केन्द्र निर्माणका लागि जग्गाको खोजी गरिनेछ ।
- स्थानिय नदीहरुको कटान नियन्त्रण गर्न तटबन्ध निर्माणका लागि प्रदेश र संघीय सरकारसंग समन्वय गरिनेछ ।
- गाँउपालिका क्षेत्रभित्र रहेको सार्वजनिक जग्गाको विवरण संकलन गरि नापि गरेर जग्गाको संरक्षण गरिनेछ ।
- गा पा अन्तर्गत निर्माण भैसकेको सडकहरुको दाँया बाँया बृक्षारोपण कार्य गरिनेछ
- गा पा क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापनको लागी ल्याण्डफिल्ड साईड बनाईनेछ जसको लागी आवश्यक कर्मचारी तथा फोहोर बोक्ने ट्रयाक्टर तथा ट्रेलर खरिद गरिनेछ ।

**सुशासन तथा संस्थागत क्षमता अभिबृद्धी :**

- राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च राख्न अतिरिक्त समय कार्य गर्नुपर्ने कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप कार्यविधि बनाई खाजा भत्ता उपलब्ध गराइनेछ ।
- सबै स्वास्थ्य संस्था, कृषि शाखा, पशु शाखा र आयुर्वेदिक औषधालयमा डिजिटल हाजिरी जडान गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन उत्कृष्ट कार्य गर्ने राष्ट्रसेवक कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक र जनप्रतिनिधिलाई छनौट गरि वर्षमा एकपटक पुरस्कृत गरिनेछ ।
- कर्मचारीको क्षमता विकासको लागी तालिमको व्यवस्था गरिनेछ साथै कर्मचारी र जनप्रतिनिधिहरुलाई आवश्यकता अनुसार भ्रमणको लागी बजेटको व्यवस्था गरिनेछ ।
- कर्मचारीहरुको क्षमता विकास गर्न आवश्यक तालिम प्रदान गरिनेछ ।
- कार्यसम्पादनको सिलसिलामा कडा रोग तथा महामारीजन्य रोगबाट ग्रसित कर्मचारी तथा जनप्रतिनिधीलाई औषधोपचारको लागी आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।
- सुचना प्रविधिको उपयोग गरी स्थानिय तथ्यांक तथा अभिलेखलाई व्यवस्थित गरिनेछ ।
- गाँउपालिका भित्र कार्यक्रम संचालन गर्नुपुर्व गैर सरकारी संस्थाहरुले गाँउपालिकाको अनिवार्य स्वीकृति लिनुपर्ने व्यवस्था लागु गरिनेछ ।
- लक्षित समुदाय विकास कार्यक्रममा विनियोजित साधन श्रोतबाट स्थानिय श्रम वजारको माग अनुसारको लामो अवधिको व्यवसायिक तथा सिपमुलक तालिम संचालन गरिनेछ ।
- लेखापालनलाई सुत्र प्रणालीमा आव्द्ध गरिनेछ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाईने छ ।
- कर्मचारी र पदाधिकारीहरुको आचार संहिता बनाई लागु गरिनेछ ।
- गाँउपालिका मातहतका वडा कार्यालयको कार्यसम्पादनको मुल्याङ्कनको लागी स्वमुल्याङ्न प्रणाली लागु गरिनेछ र उत्कृष्ट हुने वडाका जनप्रतिनिधि तथा कर्मचारीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

- सार्वभौमसत्ता सम्पन्न नागरिकको आवाज, इच्छा, अपेक्षा र मतलाई जनताको घरदैलोमै सुनी सोही बमोजिम स्थानिय सरकार सञ्चालन गर्न हरेक टोल बस्तिमा "जनतासंग जनप्रतिनिधि" कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाँउपालिकाको हालसम्मको कार्यप्रगति तथा नीति समावेश भएको ब्रोसर निर्माण गरि नागरिकको सुसुचित हुने हकलाइ प्रत्याभुत गरिनेछ ।
- सार्वजनिक सुनुवाईको कार्यक्रमलाई निरन्तरता तथा थप बिस्तार गरिनेछ ।
- गा.पा. को विकास निर्माणको संचार तथा खोज पत्रकारीताको माध्यमबाट सकारात्मक योगदान गर्ने मर्यादित र सदाचारी उत्कृष्ट पत्रकार पुरस्कार प्रदान गरिनेछ ।

**सुचना ,प्रविधि तथा सुरक्षा :**

- गाँउपालिकाको डिजिटल प्रोफाईल निर्माण गरी हाल भैरहेको तथ्यांक विहिनताको अवस्थालाइ अन्त गरि तथ्यांकमा आधारित रहेर कार्यक्रमहरुको निर्माण गरिनेछ ।
- हरिनगर गाँउपालिका अन्तर्गतका मुख्य बजारहरु जस्तै हरिनगरा, घुस्की र भुटाहा बजारमा नागरिकको शान्ति सुरक्षा र अमनचयनलाई मद्यनजर गर्दै कमिक रुपमा सि.सि. क्यामरा जडान गरिनेछ ।
- गाँउपालिका क्षेत्रभित्रको भौतिक सुरक्षा, विकास निर्माणको सुरक्षा, छाडा पशु चौपाया नियन्त्रण, सार्वजनिक सम्पत्तिको सुरक्षाको लागी गाँउ प्रहरीको व्यबस्था गरिनेछ ।

**राजश्व :**

- करका दरहरुलाई समसमायिक बनाईनेछ र दायरालाई विस्तार गरिनेछ ।
- कर प्रशासनलाई करदातामैत्री बनाईनेछ ।
- राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा राजश्व प्रक्षेपण गरिनेछ ।
- कर प्रणालीलाई सरल र सहज बनाइनेछ ।

**अध्यक्षज्यू**

अब म आगामी आ.व.२०७८/२०७९ को वार्षिक गाँउ विकास योजनाका केही पक्षहरु यस सम्मानित सभामा राख्न चाहन्छु ।

विगतमा सञ्चालित गाँउपालिका स्तरीय गौरवका बहुवर्षिय निर्माणाधीन हरिनगरा गौतमपुर नयाँहाट सडक, वसन्तपुर बेसक्याम्प सडक, हरिनगरा बसन्तपुर सडक घुस्की देवानगंज सडक, हरिनगर गा.पा. २ शिवमन्दिर पुर्व साविक वडा नं. २ हुदै मुल सडकमा जोडिने सडक कालो पत्रे, वडा नं. ४ स्थित बासुकिनाथ मन्दिर खडही टोल हुदै सि.डि.ओ चोक सम्मको सडक, वडा नं. ७ अन्तर्गत देवानगञ्ज सडक सिकारीटोल सडक कालोपत्रे, वडा नं. ७ को कार्यालयको कार्यालय भवन, वडा नं. १ स्थित चमसुर टोल मोरीया खोलामा फलामे पुल निर्माण कार्य लगायतका आयोजनाहरुलाई सम्पन्न गर्नेगरी आ.व.२०७८/७९ मा आवश्यक बजेट विनियोजन गरिएको छ ।

सामाजिक विकास तर्फ प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, गाँउपालिका र करुणा फाउनडेशनको साझेदारीमा संचालित अपांगता रोकथाम तथा पुर्नस्थापना कार्यक्रम र प्रदेश सरकार र गाँउपालिकाको

साझेदारीमा संचालन हुने गरि परिवार स्वास्थ्य कार्यक्रमका लागि बजेट विनियोजन गरिएकोछ। यसै गरि गाँउपालिकाको तर्फबाट शिक्षा क्षेत्रमा, स्वास्थ्य क्षेत्रमा, कृषि क्षेत्र, आयुर्वेद, पशु सेवा र लक्षित समुदाय विकास कार्यक्रम का लागी आवश्यक रकम विनियोजन गरिनेछ। लैंगिक समानता तथा समाजिक समावेशीकरण तर्फ, लक्षित समुदाय तर्फ महिलाहरुका लागि लामो अवधिको बुटिक, ब्यूटीपार्लर, सिलाईकटाई, व्यवसायिक कम्प्यूटर कोर्षका लागि आवश्यक बजेट विनियोजन गरिनेछ। एक दलित परिवार एक स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत दलित समुदाय भित्र सबै भन्दा पछाडी परेको सबै मुसहर समुदाय र सम्पुर्ण सुकुम्वासीहरुलाई स्वास्थ्य सेवाको सुनिश्चिततताका लागि स्वास्थ्य विमा गर्न बजेटको व्यवस्था गरिनेछ।
आर्थिक विकास तर्फ कृषि योग्य जमिनमा सिचाई सुविधा विस्तार गर्न अध्यक्ष कृषि सिचाइ कार्यकम संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

सभाध्यक्षज्यू
अव म गत आ.व. २०७६/०७७ को यथार्थ आय व्यय, चालु आ.व.२०७७/०७८ को अनुमान र २०७८ जेष्ठ मसान्त सम्मको आय व्ययको अवस्था तथा आगामी आ.व.२०७८/०७९ को अनुमानित आय व्ययको विवरण पेश गर्ने अनुमति चाहन्छु।
गत आ.व. २०७६/०७७ मा आय तर्फ संघीय सरकार वित्तिय समानिकरण अनुदान रु.१३ करोड, १२ लाख, सर्शत अनुदान १९ करोड ३९ लाख ९२ हजार, संघीय राजस्व बाँडफाडबाट रु.९ करोड १४ लाख, प्रदेश समानिकरण अनुदान ७४ लाख ६३ हजार, प्रदेश राजस्व बाँडफाड रु. १ करोड ४ लाख ५४ हजार प्रदेश शशर्त अनुदान १ करोड ३६ लाख ३० हजार ,प्रदेश विशेष अनुदान ३२ लाख ५८ हजार, प्रदेश समपुरक अनुदान १ करोड र आन्तरिक आय तर्फ अ.ल्या. रकम सहित रु.९ करोड ४ लाख ५२ हजार ८ सय ३० रुपैया गरि ५५ करोड १८लाख ५९ हजार ८ सय ३० रुपैया आय प्रस्ताव गरिएकोमा जम्मा ४७ करोड १० लाख ६६ हजार ८ सय ८४ रुपैया ५६ पैसा वास्तविक आय प्राप्त भएको र अनुमानित व्यय तर्फ ५४ करोड २२ लाख ९९ हजार ८ सय ३० रुपैया व्यय अनुमान गरिएकोमा चालु र पूजिगत तर्फको वास्तविक व्यय ४० करोड ९१ लाख ८ हजार ८ सय ३३ रुपैया ९४ पैसा खर्च भई बाँकी रकम रु. ६ करोड १९ लाख ५८ हजार ५० रुपैया ६२ पैसा गाँउपालिकाको चालु पुँजिगत र यस अर्न्तगतका अन्य सम्पूर्ण कोष हरुको समेत अ.ल्या. आम्दानी सारीएको व्यहोरा अनुरोध छ। आ.व.२०७६/०७७ को जम्मा खर्च प्रतिशत ७५.४३ भएको व्यहोरा समेत अनुरोध गर्दछु।

चालु आ.व.२०७७/०७८ का लागि आय तर्फ संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान १३ करोड १० लाख, सर्शत अनुदान रु २१ करोड ९ लाख ६१ हजार ८० रुपैया, संघिय समपूरक अनुदान १ करोड ६० लाख, प्रदेश सरकारबाट समानिकरण अनुदान ७४ लाख ३३ हजार र सर्शत १८ लाख ८७ हजार, राजस्व बाँडफाँड संघीय सरकार ८ करोड ३८ लाख ६ हजार ३ सय ६० रुपैया र राजश्व बाँडफाड प्रदेश सरकार ९० लाख ५९ हजार, प्रदेश समपूरक १ करोड र आन्तरिक श्रोत तर्फ अ.ल्या. रकम सहित रु.६ करोड ८० लाख ९६ हजार ८५रुपैया २१ पैसा गरि जम्मा ५४ करोड १० हजार ५ सय २५ रुपैया २१ पैसा आय प्रस्ताव गरिएकोमा हाल सम्म ४३ करोड १८ लाख ५७ हजार ७ सय ९८ रुपैया ७० पैसा आय प्राप्त भएको छ भने व्यय तर्फ चालु खर्चमा रु.२६ करोड ३३ लाख ९४ हजार र पुजिंगत तर्फ रु. २७ करोड ४८ लाख ४७ हजार व्यय प्रस्ताव गरिएकोमा हाल सम्म चालु तर्फ १६ करोड ६४ लाख ८४ हजार ६६ रुपैया २२ पैसा (प्रतिशतमा ६३.२०) र पुजिंगत तर्फ रु.१५ करोड ८१ लाख ३१ हजार ४ सय २७ रुपैया ४४ पैसा ( ५७.५३ प्रतिशत) गरि जम्मा रु.३२ करोड ४६ लाख १५ हजार ४ सय ९३ रुपैया ६६ पैसा (६०.३१ प्रतिशत) खर्च भएको व्यहोरा अनुरोध छ। हाल सम्मको जम्मा खर्चको प्रगति ६०.३१ प्रतिशत रहेको छ।

आगामी आ.व. २०७८/०७९ का लागि आय तर्फ संघीय सरकार वित्तिय समानिकरण रु १३ करोड ७२ लाख सर्शत अनुदान २० करोड ९४ लाख , समपुरक अनुदान २ करोड ९९ लाख ,राजश्व बाँडफाडतर्फ रु ८ करोड ४३ लाख ९६ हजार , प्रदेश सरकार वित्तिय समानिकरण अनुदान रु ७९ लाख ५४ हजार , राजश्व बाँडफाड सवारीसाधन कर तर्फ रु ४१ लाख ९ हजार ४ सय , घरजग्गा रजिष्ट्रेसन रु ५५ लाख, समपूरक अनुदान रु १ करोड, शशर्त अनुदान २४ लाख ४१ हजार र गा पा को आन्तरिक श्रोत तर्फ विभिन्न कर दस्तुर रु ७७ लाख, आ व ०७७/०७८ बाट अ.ल्या. रु २ करोड सहित जम्मा रु ५१ करोड ८६ लाख ४ सय आय प्रस्ताव गरिएको छ भने व्यय तर्फ चालु खर्चमा रु.२८ करोड ७० लाख ३९ हजार ८ सय ९० रुपैया र पुँजिगत तर्फ रु.२३ करोड १५ लाख ६०हजार ५ सय १० गरि जम्मा रु. ५१ करोड ८६ लाख ४ सय व्यय प्रस्ताव गरेको छु।

**सम्मानीत अध्यक्षज्यू**

गाउँपालिकाले चालु आ.व.को लागि प्रस्ताव गरेको कर, शुल्क, दस्तुर, महशुलको दर रेट समेटिएको आर्थिक विधेयक र व्ययको क्षेत्रगत र विस्तृत विवरण समेटिएको विनियोजन विधेयक, बजेटको पुर्ण विवरण र बार्षिक गाउँ विकास योजना यसै साथ अनुसुचिमा समावेश गरि छलफलका लागि सम्मानित सभामा टेवल गरेको छु। आगामी आ.व.२०७८/०७९ का लागि तयार गरिएको नीति, कार्यक्रम र बजेट उपर यस सम्मानीत सभामा सघन छलफल भई निर्धारित समय सिमा भित्र सभाको स्विकृत प्राप्त हुनेछ भन्ने मैले विश्वास लिएको छु।

**अन्तमा**

बार्षिक नीति, कार्यकम र बजेट तर्जूमामा अभिभावकत्व प्रदान गर्नु हुने अध्यक्षज्यू, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका सबै सदस्यज्यूहरु, बजेट निर्माणमा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न रही सहयोग पुर्याउनु हुने वडाध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यहरु, वडासदस्यहरु र गाउँपालिकाको छाता भित्र रहनु भएका सम्पूर्ण कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु। गाउँपालिकाले लिएको लक्ष्य हासिल गर्न स्वीकृत कार्यकम तथा वजेट समयमै संचालन तथा सम्पन्न गरी प्रतिफल प्राप्तिका लागि यहांहरु सहित सम्पूर्ण गाउँपालिकावासीहरुको समान सहभागिता र सहयोग रहनेछ भन्ने पूर्ण विश्वास राख्दै वार्षिक नीति, कार्यकम र बजेट प्रस्तुति सहित आफ्नो भनाईहरु यही अन्त गर्दछु।

धन्यवाद
२०७८/०३/१० गते

रिमझिम कुमारी भगत
उपाध्यक्ष
हरिनगर गाउँपालिका